लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

☎०९१-४११०१५
०९१-४११०१४
सन्देश सूचना बोर्ड:१६१८०९१४११०४
इमेल:lamkicm@gmail.com
इमेल:pasusakhalamki@gmail.com
वेवसाइट:lamkichuhamun.gov.np


प.सं.:२०८१/०८२
च.नं.:

## वर्षे घाँसबाली बाजरा तथा सुडान घाँसको बीउ वितरण कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०८१।११।१८**

आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"वर्षे घाँसको बीउ वितरण कार्यक्रम"** बमोजिम यस नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका वर्षे घाँसखेती गर्न ईच्छुक ***व्यवसायिक पशुपालन फर्म/ कृषक समूहले*** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र लम्कीचुहा नगरपालिकाको पशु सेवा शाखामा वर्षे घाँसको बीउ (बाजरा,सुडान) प्राप्तिका निमित्त देहायका कागजात सहित आवेदन दर्ता गर्न हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-**

१. अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ।
२. व्यवसायिक पशुपालन फर्म/समूहले नवीकरण गरेको प्रमाण-पत्रको प्रतिलिपी तथा निर्णयको प्रतिलिपी पेश गर्नु पर्नेछ।
३. आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।
४. घाँसखेती गरिने जग्गाको स्पष्ट क्षेत्रफल खुलेको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपी तथा प्रति जग्गाको हकमा तिरो तिरेको रसिदको प्रतिलिपी।
५. आ.व. २०८१।०८२ को सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपी।
६. जग्गा भाडामा (लिज) लिएको भए कम्तिमा ५ वर्षको आधिकारिक करारनामा वा सम्झौता पत्रको प्रतिलिपी।
७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. घाँस खेती गर्न चाहेको जमिनको स्पष्ट क्षेत्रफल निवेदनमा समेत (कठ्ठा/ बिगाहा) उल्लेख गर्नु पर्नेछ।
९. घाँसखेती सम्वन्धी तालिम लिएको भए सोको प्रमाण-पत्रको प्रतिलिपी।

**नोट:-** निवेदनको ढाँचा अथवा अनुसुची-२ यस लम्कीचुहा नगरपालिकाको वेभसाइट www.lamkichuhamun.gov.np बाट डाउनलोड गर्न सकिने वा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने छ। अन्य थप जानकारीको लागि मोवाइल नं. ९८४८४५८४७७ र ९८६८७९३५४० मा सम्पर्क गेरर बुझ्न सकिने छ।

२०८१।११।१८
सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास,समृद्धि र सुशासन"

CamScanner

## अनुसूची – २

## वर्षे घाँसको बीउ प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

मिति:-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा, भल्का, कैलाली, सुदुरपश्चिम प्रदेश, नेपाल।

**विषय : <u>वर्षे घाँस बाजरा,सुडानको बीउ उपलब्ध गराई दिने बारे।</u>**

महोदय,

लम्कीचुहा नगरपालिका, पशु सेवा शाखा, भल्का, कैलालीको मिति २०८१।....।... गतेमा प्रकाशित सुचना अनुसार मलाई वर्षे घाँस (बाजरा,सुडान ) खेती गर्न ईच्छा भएकोले तपसिल अनुसारका कागजातहरु सहित निवेदन साथ संलग्न राखी पेश गर्दछु।

**<u>तपसिल</u>**

१. व्यवसाय / समूह समिति दर्ता प्रमाण पत्रको प्रतिलिपी
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
५. घाँसखेती गरिने जमिनको जग्गाधनी प्रमाण पूर्जा /प्रति जग्गाको हकमा तिरो तिरेको रसिदको प्रतिलिपी
६. आ.व.२०८१।०८२ को सम्पत्ति कर (मालपोत) बुझाइएको रसिदको प्रतिलिपी
७. जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको आधिकारिक करारनामा वा सम्झौता पत्रको प्रतिलिपी
८. घाँसखेती सम्वन्धि तालिम गरेको भए सोको प्रमाण पत्रको प्रतिलिपी
९. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
१०. घाँसखेती गरिने जमिनको क्षेत्रफल

**<u>निवेदकको</u>**

नाम :

दस्तखत :

ठेगाना :

मिति:

मोवाइल नं.:

छाप:

CamScanner